नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४३१००७
५४२२०५६ | ५४४४७२५
५४२५७३३ | ५४२२०५९

वेवसाइटः www.dls.gov.np
ईमेल:dg@dls.gov.np (DG)
dlsplanningmonitoring@gmail.com

पत्र सङ्ख्या:- ०८२/८३
चलानी नं.:- ८२ (यो. अ. शा.)

मितिः २०८२/०७/१६

श्री केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर, काठमाण्डौं।
श्री भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला, काठमाण्डौं।
श्री राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर।
श्री खोरेत तथा सीमा विहिन पशु रोग अन्वेषण प्रयोगशाला, बुढानिलकण्ठ, काठमाण्डौं।
श्री पशु क्वारेन्टाइन कार्यालय, काकडभिट्टा/ विराटनगर/ जनकपुर/ विरगंज/ भैरहवा/ पोखरा/ नेपालगञ्ज/ काठमाण्डौं/ गड्डाचौकी।
श्री पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, विराटनगर/ जनकपुर/ पोखरा/ सुर्खेत/ धनगढी।

विषयः जानकारी एवं आवश्यक कार्यार्थ सम्बन्धमा।

प्रस्तुत विषयमा यस विभाग तथा मातहतका कार्यालयको आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "राष्ट्रिय खोरेत रोग नियन्त्रण कार्यक्रम" कम्पोनेन्ट रहेको र सो कार्यक्रम सञ्चालनमा वित्तीय अनुशासन, मितव्ययिता, दक्षता र एकरुपता कायम गरी प्रभावकारी रुपमा सञ्चालन गर्न यस विभागबाट मिति २०८२/०७/०९ गतेको निर्णयानुसार **"राष्ट्रिय खोरेत रोग नियन्त्रण कार्यक्रम कार्य सञ्चालन विधि"** स्विकृत भएकाले उक्त कार्य सञ्चालन विधि जानकारी एवं आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

..............................
डा. राम नन्दन तिवारी
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

आ.व. २०८२/८३ को खोरेत रोग नियन्त्रण कार्यक्रम कार्य सञ्चालन विधि

पशु सेवा विभाग र मातहतका निकाय मार्फत आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत खोरेत रोग नियन्त्रणको लागि संचालन गर्नुपर्ने कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो कार्य सञ्चालन पशु सेवा विभागले तयार गरेको छ। कार्यक्रमहरु संचालन गर्दा प्रचलित ऐन, नियम बमोजिम गर्नु पर्नेछ।

| क्र.सं. | कार्यालय | स्वीकृत कार्यक्रम | कार्यक्रम संचालन प्रक्रिया र क्रियाकलाप |
|---|---|---|---|
| १ | पशु सेवा विभाग | खोप व्यवस्थापनका लागी कोल्ड चेन व्यवस्थापन, कोल्ड रुम निर्माण, Ice Line Refrigerator , कुलबक्स खरिद र वितरण | • विभागले कोल्ड चेन आवश्यक रहेको प्रदेश पहिचान गरी कोल्ड रुम निर्माण गर्नुपर्नेछ। यसरी कोल्ड रुम निर्माण गर्दा खोरेत रोग जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन संचालन भएको क्षेत्रलाई प्राथमिकता दिइनु पर्नेछ।<br>• कोल्ड रुम, Ice Line Refrigerator र कुलबक्सको प्राविधिक स्पेसिफिकेसन स्वीकृत गराउनु पर्नेछ। |
| | | रोग नियन्त्रणको लागि अस्थाई चेक पोस्ट व्यवस्थापन | जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन लागु भएको क्षेत्रमा प्रदेश र स्थानीय तह अन्तरगतका निकायलाई प्राविधिक पृष्ठपोषण तथा पशुहरुको अनियन्त्रित आवतजावत रोक्न तथा रोग भित्रिन नदिन सम्बन्धित प्रदेश र पशु क्वारेन्टाइन कार्यालयको समन्वयमा अस्थाइ चेक पोष्ट व्यवस्थापनको लागि आवश्यक पर्ने तपशिलका कार्यहरु संचालन गर्न सकिनेछ।<br>• अस्थायी चेक पोष्ट स्थापना तथा संचालन<br>• कार्यालय सरसफाई तथा निसंक्रमण व्यवस्थापन<br>• मृत पशु तथा संक्रमित वस्तु व्यवस्थापन<br>• चेक पोष्टको बाटो भएर ओसार पसार हुने पशुहरुमा रोगको निगरानी |
| | | खोरेत रोगको नियन्त्रणको लागी प्रचार प्रसार कार्यक्रम | • खोरेत रोग सम्बन्धी प्रचार प्रसार सामाग्री तयार गरी पशु सेवा विभागवाट स्वीकृति गराई कार्यक्रम संचालन गर्नु पर्नेछ।<br>• खोरेत रोग नियन्त्रण सम्वन्धी भिडियो, अडियो, फ्लेक्स, फ्लायर, बुकलेट, लिफलेट लगायतका सूचना सामाग्रीको तयारी, प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ। |
| २ | खोरेत तथा सीमाविहीन | खोरेत रोग मुक्त, प्रस्तावित वा सम्भावित | यो कार्यक्रम संचालन गर्दा खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका २०८१ मा भएका प्राविधिक पक्षहरुको पालना गरी |

डा. राम नन्दन तिवारी
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| क्र.सं. | कार्यालय | स्वीकृत कार्यक्रम | कार्यक्रम संचालन प्रक्रिया र क्रियाकलाप |
|---|---|---|---|
| | पशु रोग अन्वेषण प्रयोगशाला, पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरु | जोन क्षेत्रमा खोरेत रोगको नियन्त्रणको लागी खोरेत रोग सर्भिलेन्स, आउटब्रेक अन्वेषण, नमुना संकलन, सामाग्री व्यवस्थापन र प्रयोगशाला परिक्षण | देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्न सकिनेछ।<br>• रोग सर्भिलेन्स, आउटब्रेक अन्वेषण, नमुना संकलन तथा प्रयोगशाला परीक्षणको लागि रियजेण्ट, टेष्ट किट, ग्लोभ्स, सिरिन्ज लगायत आवश्यक पर्ने सामाग्रिहरु खरिद गर्न सकिनेछ।<br>• नमुना संकलन गर्न फार्ममा जाँदा पशुको आवश्यक उपचारको लागि चाहिने औषधी, भिटामिन, मिनरल्स निसंक्रमणको लागि आवश्यक रसायनहरु समेत खरिद गर्न सकिनेछ।<br>• रोग सर्भिलेन्स, आउटब्रेक अन्वेषण र नमुना संकलन कार्यको लागि आवश्यक खर्च।<br>• खोरेत रोगको आउटब्रेक अन्वेषण गर्दा पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखासँग समन्वय गर्नु पर्नेछ। |
| | | खोरेत रोग मुक्त प्रस्तावित वा सम्भावित जोन क्षेत्रमा खोरेत खोपको प्रभावकारीता परिक्षणका लागी नमुना संकलन, सामाग्री व्यवस्थापन र प्रयोगशाला परिक्षण | यो कार्यक्रम संचालन गर्दा देहाय बमोजिमका कृयाकलापहरुमा खर्च गर्न सकिनेछ ।<br>• खोपको प्रभावकारीता परीक्षणका लागी नमुना संकलन, सामाग्री व्यवस्थापन र प्रयोगशाला परिक्षणका लागि रियजेण्ट, टेष्ट किट, ग्लोभ्स, सिरिन्ज लगायत आवश्यक पर्ने सामाग्रिहरु खरिद गर्न सकिनेछ।<br>• नमुना संकलन गर्न फार्ममा जाँदा पशुको आवश्यक उपचार चाहिने औषधी, भिटामिन, मिनरल्स निसंक्रमणको लागि आवश्यक रसायनहरु समेत खरिद गर्न सकिनेछ।<br>• रोग सर्भिलेन्स, आउटब्रेक अन्वेषण र नमुना संकलन कार्यको लागि आवश्यक खर्च।<br>• खोपको प्रभावकारीता परीक्षणको प्रतिवेदन पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखामा पठाउनु पर्नेछ। |
| ३ | केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला | खोरेत रोग सम्बन्धी प्रयोगशाला प्रविधि तालिम साहायक स्तर १ हसे<br><br>खोरेत रोग रियल टाइम PCR तालिम अधिकृत स्तर १ हसे | • यस शिर्षक अन्तरगत रहेका विभिन्न प्रकारका तालिम संचालन गर्नु पूर्व तालिमको पाठ्यक्रम कृषि सुचना तथा प्रशिक्षण केन्द्रवाट स्वीकृत गराउनु पर्नेछ।<br>• सहभागी छनौटका आधार तय गरी तालिमको लागि सम्भावित सहभागी छनौट गरी पशु सेवा विभागमा स्वीकृतिको लागि पठाउनु पर्नेछ।<br>• तालिमको लागि प्रशिक्षार्थीको मनोनयन पशु सेवा |

डा. राम नन्दन तिवारी
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| क्र.सं. | कार्यालय | स्वीकृत कार्यक्रम | कार्यक्रम संचालन प्रक्रिया र क्रियाकलाप |
|---|---|---|---|
| | | खोरेत रोग मुक्त प्रस्तावित वा सम्भावित जोन क्षेत्रमा खोरेत रोग सर्भिलेन्स र नमुना संकलन सम्बन्धी ३ दिने तालिम<br><br>खोरेत रोग सम्वन्धी प्रयोगशाला प्रविधि तालिम अधिकृत स्तर १ हसे<br><br>प्रयोगशालामा कार्यरत कर्मचारीलाइ Virus Neutralization Test (VNT) सम्बन्धी WOAH/FAO रिफ्रेन्स प्रयोगशालामा तालीम | विभागबाट हुनेछ।<br>• खोरेत रोग सम्वन्धी प्रयोगशाला प्रविधि १ हसे (सहायकस्तर/अधिकृतस्तर) र खोरेत रोग Real Time PCR (अधिकृतस्तर) तालिम कृषि सूचना तथा प्रशिक्षण केन्द्रसँगको समन्वयमा खोरेत तथा सीमाविहीन पशु रोग अन्वेषण प्रयोगशालामा सञ्चालन गर्नु पर्नेछ।<br>• खोरेत रोग मुक्त प्रस्तावित वा सम्भावित जोन क्षेत्रमा खोरेत रोग सर्भिलेन्स र नमुना संकलन सम्बन्धी ३ दिने तालिम सम्भव भएसम्म सम्बन्धित पशुपन्छी रोग अन्वेषण प्रयोगशालाको संयोजकत्वमा सञ्चालन गर्नु पर्नेछ।<br>• प्रयोगशालामा कार्यरत कर्मचारीलाई Virus Neutralization Test (VNT) सम्बन्धी WOAH/FAO रिफ्रेन्स प्रयोगशालामा तालिमको लागि तालिम प्रदायक संस्थामा पठाउँदा खोरेत रोग तथा सीमाविहीन रोग अन्वेषण प्रयोगशालामा, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशालामा कार्यरत अधिकृतस्तर कर्मचारीहरु मध्येबाट मनोनयन गर्नुपर्नेछ। |
| ४ | पशु क्वारेण्टाइन कार्यालय | खोरेत रोगको नियन्त्रणको लागी क्वारेन्टाइन कार्यक्रम | यो कार्यक्रम संचालन गर्दा देहाय बमोजिमका कृयाकलापमा खर्च गर्न सकिनेछ ।<br>• पशु हाट बजारमा चेक जाँच तथा निगरानीको लागि आवश्यक सामाग्री व्यवस्थापन<br>• सरसफाई तथा निसंक्रमण व्यवस्थापन<br>• मृत पशु तथा संक्रमित वस्तु व्यवस्थापन<br>• अवैध पैठारी नियन्त्रण कार्यदल गठन तथा परिचालन व्यवस्थापन<br>• आन्तरिक पशु क्वारेण्टाइन चेक पोष्टको बाटो भएर ओसार पसार हुने पशुहरुमा रोगको निगरानी<br>• अस्थाई क्वारेण्टाइन चेकपोष्ट व्यवस्थापन<br>• खोरेत रोग मुक्त क्षेत्र कायम गर्न प्रदेशबाट संचालन गरिएका निगरानी केन्द्रहरुसँग समन्वय<br>• कार्यक्रम संचालन गर्न फिल्डमा जाँदा आवश्यक पर्ने खर्च |

डा. राम नन्दन तिवारी
महानिर्देशक